नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

विकेन्द्रीकरण शाखा

सिंहदरबार काठमाडौं

पत्र संख्या:०७३/०७४

चलानी नं. ६५

मितिः२०७४/०९/२६

श्री स्थानीय तहहरु सबै ।

विषयः १ मे.वा. सम्मको जलविद्युत उत्पादन आयोजनाको स्वीकृती सम्बन्धमा ।

नेपालको संविधान अनुसार जलविद्युत सम्बन्धी अधिकार तीनै तहमा रहेको तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले १ मे.वा. सम्मका जलविद्युत आयोजना सम्बन्धी स्थानीय स्तरको नीति, कानून, मापदण्ड, योजना तर्जुमा कार्यन्वयन, अनुगमन र नियमन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार कार्यन्वयन गर्न आवश्यक नीति, कानून तथा कार्यविधि बनि नसकेको अवस्थामा उक्त ऐनले व्यवस्था गरेअनुसार १ मे.वा. सम्मका आयोजनाको स्वीकृती स्थानीय तहबाटै हुनुपर्ने हुदाँ जलस्रोतको अधिकतम उपयोग गर्ने, क्षमता एकिन गर्ने तथा बिभागले अनुमतिपत्र जारी गरेको वा गर्ने चरणमा रहेको आयोजनाहरुसँग क्षेत्र दोहोरो नपर्ने गरी अनुमतिपत्र जारी गर्ने सम्बन्धमा विद्युत विकास विभागबाट **Technical clearance** लिनुपर्ने गरी स्वीकृती प्रदान गर्ने तर्फ आवश्यक कारबाही बढाउन स्थानीय तहहरुलाई जानकारी गराइदिन भनि विद्युत विकास बिभागको च.नं १३७३ मिति २०७४/०९/१२ को पत्रबाट अनुरोध भई आएकोमा विद्युत बिकास विभागले हालसम्म अनुपतिपत्र जारी गरेका १ मे.वा. सम्मका आयोजनाहरुले सम्बन्धित स्थानीय तहमा आबध्दताका लागि निबेदन दिने तथा स्थानीय तहहरुले बिद्युत उत्पादन सम्बन्धी आवश्यक नीति, मापदण्ड, कानून, कार्यविधि नबनाए सम्मका लागि अनुमतिपत्र जारी गर्ने सम्बन्धमा विद्युत विकास विभागबाट **Technical clearance** को आधारमा १ मे.वा. सम्मको जलबिद्युत आयोजनाको स्वीकृती प्रदान गर्न स्थानीय तहहरुलाई जानकारी गराउने र यो विषय स्थानीय सरकार संचालन नियमावलीमा समावेश गरी व्यवस्थित गर्ने भनी नेपाल सरकार (मा.उपप्रधानमन्त्रीस्तर) बाट मिति २०७४/०९/२६ मा निर्णय भएकोहुँदा निर्णयानुसार जानकारीका लागि अनुरोध छ ।

२०७४/०९/२६

मेखबहादुर मंग्राती

(शाखा अधिकृत)

वोधार्थ

श्री विद्युत विकास बिभाग, थापागाँउ अनामनगर ।

श्री सूचना तथा विद्युतीय शासन शाखाः यो पत्र वेवसाइटमा अपलोड गरिदिनुहुन ।